"सहजता, शुद्धता र पारदर्शिता नेपाल आयल निगम लिमिटेडको प्रतिवद्धता"

# नेपाल आयल निगम लिमिटेड

केन्द्रीय कार्यालय, बबरमहल ।

# प्रेस विज्ञप्ति

मितिः २०८३/०३/३०

१. निगमले तत्कालिन परिस्थितिलाई दृष्टिगत गरी एल.पि.ग्यासको आपूर्ति तथा वितरण प्रणालीलाई व्यवस्थित वनाई आम उपभोक्ताको माग बमोजिम ग्यास उपलब्ध हुने अवस्थाको सहजीकरणका लागी मिति २०८२/११/२९ गतेदेखि लागू हुने गरी अर्को निर्णय नभएसम्म ग्यास सिलिण्डरमा ७.१ के.जि. एल.पि.ग्यास भरी विक्रि वितरण गर्ने निर्णय भएको व्यहोरा आम उपभोक्ता वर्गमा विदितै छ।

२. इण्डियन आयलका विभिन्न बोटलिङ्ग प्लान्ट तथा रिफाइनरीहरुबाट भएको लोडिङ्गको अवस्थामा सुधार तथा आम उपभोक्ता वर्गबाट १४.२ के.जि.ग्यास सिलिण्डरको उच्च मागको अवस्थालाई समेत मध्येनजर गर्दै निगमले मिति २०८३/०३/३१ गतेबाट मुलुकभरी नै साविककै १४.२ के.जि. ग्यास भर्ने र पुरा मूल्य रु.२,०६०।००(अक्षरेपी दुई हजार साठ्ठी मात्र) मा विक्री वितरण गर्ने व्यवस्था मिलाएको व्यहोरा अनुरोध छ।

३. केही समयको लागी ७.१ के.जि.को सिलिण्डर पूर्णरुपमा प्रतिस्थापन नहुँदा सम्म बजारमा ७.१ के.जि. र १४.२ के.जि.को सिलिण्डर विक्री वितरण हुन सक्ने भएकोले सोही अनुसार तौल र मूल्य यकिन गरेर मात्र ग्यास खरिद गर्नको लागी आम उपभोक्ता वर्गमा निगम अनुरोध गर्दछ।

४. हाल इण्डियन आयल कर्पोरेशनबाट नियमित रुपमा एल.पि.ग्यास आयात भइरहेको हुँदा निगम आम उपभोक्ता वर्गमा आवश्यकता अनुसार मात्र एल.पि.ग्यास खरिद गर्न तथा अनावश्यक भण्डारण नगर्न हार्दिक अनुरोध गर्दछ।

धन्यवाद।

प्रवक्ता